जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.चि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३८ अंक ३१ २०७६ साल फागुन १८ गते आइतवार (1 Mar. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : स्वास्थ्यका कर्मचारीहरुलाई ... पृष्ठ ३ मा : प्रदेश २ का स्थानिय तहमा ... पृष्ठ ५ मा : संविधान संशोधन नै ... पृष्ठ ५ मा : कोरोना भाइरसका कारण ...

## मुसहर समुदायलाई हक अधिकार सुनिश्चित गर्न एकजुट हुन उपेन्द्र यादवको सुझाव



**राजबिराज**/समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सम्पूर्ण मुसहर समुदायलाई आफ्ना हक अधिकार सुनिश्चित गर्न एकजुट भई अगाडी बढ्न सुझाव दिएका छन् ।

नेपाल राष्ट्रिय मुसहर संघको चौथो जिल्ला अधिवेशनलाई बिहीबार राजविराजमा सम्बोधन गर्ने क्रममा उनले सुझाव दिएका हुन् ।

दलित, मुसहर, आदीवासी जनजाती, मुस्लिम तथा पिछडिएको वर्गलाई अधिकार नदिएका कारण अहिले उनीहरु अधिकारबाट बञ्चित रहेको भन्दै अध्यक्ष यादवले मुसहर समुदायका बालबालिकाहरु सबै भन्दा बढी कुपोषित हुने गरेकाले सरकारले निशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउनु पर्ने आवश्यकता रहेको बताए ।


सोही सभामा पूर्वउपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले मुसहर समुदायका बालबालिकाहरुलाई काममा नलगाई शिक्षा हासिल गर्नेतर्फ अग्रसर गराउनु पर्नेमा जोड दिए ।

उनले जन्मसिद्धका आधारमा पाउन नसकेका हरेक नेपाली नागरिकले नागरिकता पाउनु पर्ने समेत बताए । सभालाई सम्बोधन गर्दै उनले गरिब जनताका लागि सरकारले ल्याएको जनता आवास कार्यक्रम मार्फत सबै गरिब जनताले आवास पाउन नसक्ने भन्दै यसका लागि सरकारले छुट्टै योजना ल्याउनु पर्नेमा जोड दिए ।

सोही कार्यक्रममा प्रदेश २ का आर्थिक मामिला तथा योजना मन्त्री बिजय यादवले प्रदेश सरकारले ल्याएको दलित सशक्तिकरण विदेयक समाजमा रहेको छुवाछुत, जातिय विभेद जस्ताको संस्कारको अन्त्य गर्न संजिवनी बुटीको काम गर्ने दाबी गरे ।

प्रदेश सरकारको तर्फबाट दलितहरुका लागि छात्राबास, शिक्षा, रोजगारी लगायतका कामहरु अगाडी बढाइएको बताउदै जनकपुरस्थित रहेको सवरी कुटीका लागि पनि ८० लाख बजेट बिनियोजन गरेको उनले जानकारी दिए ।

## विद्यालयको कम्प्युटर तथा मेशिनरी समानहरु प्रयोगविहिन



**राजविराज**/सप्तरीको महादेवा गाउँपालिका १ स्थित नर बहादुर थापा जनता उमावि पकरी गोठ सोनरामा रहेको कम्प्युटरहरु तथा अन्य मेशिनरी सामानहरु प्रयोगबिहिन अवस्थामा रहेको छ ।

कम्प्युटर सम्बन्धि दक्ष शिक्षकको अभावमा कम्प्युटर प्रयोग विहिन अवस्थामा रहेको छ । कम्प्युटरहरु विद्यालयको एउटा कोठामा थन्काएर राखिएको छ ।

विभिन्न संघ संस्थाको सहयोगबाट प्रदान गरिएको २८ थान कम्प्युटर, २ थान फोटोकोपी मेसिन, १ थान प्रोजेक्टर र ल्यापटप लगायतका मेशिनरी सामानहरु विद्यालयका प्रधानाध्यापक प्रदिप कुमार चौधरी र विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुले व्यवस्थित गर्न नसक्दा प्रयोगविहीन अवस्थामा रहेको छ ।

विद्यालयमा कम्प्युटरसँगै कम्प्युटर टेबुल लगायतका सामाग्रिहरु प्रअ चौधरीले प्रयोग बिहिन अवस्थामा राख्दा सयौ विद्यार्थीहरु कम्प्युटर शिक्षा हासिल गर्नबाट बञ्चित हुनुपरेको स्थानिय अभिभावक संतोष कुमार यादवले आरोप लगाएका छन् ।

त्यस्तै प्रअ चौधरीले विद्यालयको पठन पाठनमा समेत उचित ध्यान पुर्याउन नसकेको, विद्यालयको सरसफाई, विद्यार्थीहरुको पाठपुस्तक समयमा पुऱ्याउन नसकेको, शौचालय दुर्गन्धित रहेको, शिक्षकहरु समयमा विद्यालय नआउने गरेको कारण विद्यालयको शैक्षिक गुणस्तर खस्कदो अवस्थामा रहेको स्थानिय अभिभावकको आरोप छ ।


यस्तै विद्यालय व्यवस्थापन समिति र प्रअ चौधरीले विद्यालको विभिन्न निर्णयहरु पारदर्शी नगरेका कारण विद्यालयको अवस्था नाजुक बन्दै गएको आरोप लगाइएको छ ।

## हात्तिको आक्रमणबाट एक महिलाको मृत्यु

**राजविराज**/सप्तरीको पूर्वी भेगमा हात्तिको आंतकबाट जनता त्रसित बनेका छन् ।

पछिल्लो पटक शनिबार कंचनरुप नगरपालिका ५ पथरी टोल निवासी ४१ वर्षिया चन्द्रिका देबी मुखियाले हात्तिको आक्रमणबाट ज्यान गुमाउनु परेको छ ।

कोशि टपु वन्यजन्तु आरक्षण भित्रको जंगलमा घाँस र दाउरा काट्ने क्रममा जंगली हात्तिको आक्रमणबाट मुखियाको घटनास्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### समन्वय गरि विकासमा सहयोग आवश्यक

सम्पूर्ण जनताले तीनै तहका सरकारसँग समन्वय गरि विकासीय कार्यमा सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ । नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय तहगरि तीन तहको सरकार निर्माण गरेको छ । यी तीनै तहका सरकारसँग समन्वय गरि समपूर्ण जनताले विशेष गरि विकासीय कार्यलाई अग्रसरता दिनुपर्दछ ।

तर, अधिकार स्थानीय तहका सरकारले आफ्ना अधिकारहरु पूर्ण रुपमा प्रयोग गर्न भने सकिहरेका छैनन् । उनीहरुले आफ्नो मनखुशी विकासीय कार्य गरिरहेका छन् । आफूखुशी आसेपासेलाई विकासीय कार्यमा संलग्न गराइरहेको छन् । जसकारण अन्य जनताहरु उनीहरुबाट रुष्ट देखिन्छन् भने विकासीय कार्यमा बाधा आउने गरेको छ । धेरैजसो स्थानीय तहहरु पुरानै मानसिकताका साथ काम गरिरहेकाले पहिलेको काम गराई र अहिलेको काम गराईको शैलीमा खासै अन्तर आउन सकिरहेको छैन ।

अधिकारहरुको प्रयोग गरेर स्थानीय तहहरुमा जनप्रतिनिधिहरुको काम गर्नुपर्ने हुन्छ । यसरी आफ्ना अधिकारको क्षेत्र र दायित्वको दायरा बुझेर काम गरिए भने गाउँ र नगरको विकासमा कुनै वाधा अवरोध आउँदैन् ।

जुन कामका लागि जनताले उनीहरुलाई चुनेर पठाएका हुन्, ती कार्य गर्न उनीहरु सकिरहेका छैनन् । तसर्थ संविधानद्वारा पाएका तीनवटै अधिकारको प्रयोग गरेर स्थानीय तहहरुले समन्वयात्मक विकासको बाटो रोज्नु आवश्यक छ । अनिमात्र विकासको बाटो फराकिलो भएमात्र समग्र विकास हुनेछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वास्थ्यका कर्मचारीहरुलाई नगरपालिका र गाउँपालिकाले अन्यत्र काममा लगाउँछ



**अमरनाथ मण्डल**

विश्व कोरोना भाइरसबाट त्रसित रहेको अवस्थामा हरेक देशमा स्वास्थ्य क्षेत्रलाई चुस्तदुरुस्त तथा सक्रियपनको सन्दर्भमा चनाखो रहेको अवस्थामा कोरोना भाइरसले हाम्रो देशको छिमेकी चीनमा व्यापक उतपाद मचाएको अवस्थामा सरकारी पक्षले स्वास्थ्य क्षेत्रलाई स्वास्थ्य संस्थाहरुलाई चुस्तदुरुस्त बनाउनु निर्देशन दिइरहेको सन्दर्भमा स्थानीय निकायका स्वास्थ्य चौकी, स्वास्थ्य उपचौकीहरुमा अहेव, अनमी, हेल्थ अस्सिटेन्ड जस्ता स्वास्थ प्राविधिहरुलाई स्वास्थ्य क्षेत्रमा दरबन्दी रहेको अवस्थामा स्वास्थ्यकर्मीहरुलाई गाउँपालिका र नगरपालिकाका अन्य कार्यहरुमा लगाउने गरेको पाईन्छ ।

वडा कार्यालयहरुमा स्वास्थ्य चौकीहरु अधिकांश वडा समिति कार्यालयसँग गाँसिएको हुनाले वडा र नगरपालिका, गाउँपालिकासँग स्वास्थ्य संस्थाहरुलाई गाँसिएको हुनाले गाउँपालिका, नगरपालिका वडा कार्यालय, जनप्रतिनिधिहरुले स्वास्थ्य कर्मचारीहरुलाई आफ्नो कार्य क्षेत्रभन्दा बाहिर गई कम्प्यूटर चलाउने, कार्यालयको अभिलेख राख्ने, दर्ता चलानी गर्ने तथा अन्य कार्यहरुमा लगाइरहेको कारणले गर्दा अहिले सप्तरीका स्वास्थ्य क्षेत्र तथा स्वास्थ्य संस्थाहरु दिनप्रतिदिन कर्मचारीबिहिन बन्दै गईरहेको अवस्थामा स्वास्थ्य क्षेत्र पूर्णरुपमा प्रभावित बन्दै गइरहेका छन् ।

मानव जीवनको अमुल पाटो स्वास्थ्य क्षेत्र रहेकोले प्रत्येक नागरिकलाई स्वास्थ्य सुविधा पुऱ्याउने उद्देश्य स्थानीय सरकारको समेत रहेको सन्दर्भमा स्वास्थ्य क्षेत्रप्रति वेवस्ता देखाइरहेको स्थानीय सरकारहरुले बजेट रकमको विनियोजित आधारहरु स्वास्थ्य क्षेत्रमा विनियोजन गर्दा न्यून मात्रामा नगरपालिका र गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई रकम विनियोजित गरेको देखिन्छ । तसर्थ अहिले परिस्थितिमा कोरोना भाइरसबाट विश्वनै त्रसित रहेको अवस्थामा कुन बेला, कुन समयमा के-कति घटनाहरु घटने संवेनशिल अवस्थामा ग्रामिण स्तरका स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीहरुलाई चुस्त दुरुस्त तदरुपताको सक्रियतामा राख्नुपर्ने अवस्थामा अधिकांश स्वास्थ्य चौकीहरुमा दिनको १२ बज्ने बित्तिकै बन्द हुने गरिन्छ ।

नगर तथा ग्रामिणस्तरका स्वास्थ्य चौकीहरुमा कर्मचारीको अभाव पहिले देखि रहेकोले प्राविधिक उपचारको लागि बिपि ( ब्लड प्रेशर) जाँच्ने मेशिन तथा साधारण स्वास्थ्य उपकरणहरु समेत अभाव रहेकोले स्वास्थ्य चौकीहरु जनतालाई स्वास्थ्य सेवा दिन सक्रियतामा कमि देखाइरहेको सन्दर्भले जनमानसमा स्थानीय स्वास्थ्य चौकीहरुप्रति विश्वासको वातावरणमा दिनप्रतिदिन खाल्डो परिरहेको अवस्था रहेको छ । स्वतन्त्र र शान्त भएर साधन सुविधाबाट परिपूरक गरी स्वास्थ्य चौकीहरुलाई आत्मनिर्भर बनाउनु पर्ने अवस्थामा अहिले जिल्ला जनस्वास्थ्य कार्यालय अन्तरगतका स्वास्थ्य संस्थाहरुलाई गाउँपालिका र नगरपालिकामा गाभिएका कारण स्वास्थ्य क्षेत्रलाई कमाण्ड गर्ने निकाय जिल्ला जनस्वास्थ्य कार्यालय पूर्ण रुपमा निष्क्रिय बन्दै गइरहेको छ ।

प्रदेश सरकारको मातहातमा रहेका जिल्ला जनस्वास्थ्य कार्यालयको विशेष अधिकार जनस्वास्थ्य कार्यालयमा निहित नरहेको सन्दर्भमा अधिकारहरु नगरपालिका र गाउँपालिकालाई प्रायोजित गरिएको सन्दर्भले जिल्ला जनस्वास्थ्य कार्यालयको निगरानी र अनुगमन प्रक्रियाहरु कमजोर बन्दै गइरहेको छ भने गाउँपालिका र नगरपालिकाका जनप्रतिनिधिहरुले विकाशीय बजेटतिर बढि ध्यान केन्द्रीत गरेको कारणले गर्दा स्वास्थ्य क्षेत्र दिनप्रतिदिन कमजोर भइरहेको छ । जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले आफुहरु अनुगमनको लागि तयार रहेको सन्दर्भमा अनुगमनको लागि खर्च कार्यालयमा पर्याप्त नरहेको कारणले गर्दा अनुगमन गर्न नसकेको स्वीकार गर्दछ । तसर्थ गाउँपालिका र नगरपालिकाको स्वास्थ्य सेक्टरहरुप्रति जनप्रतिनिधिहरुको ध्यान केन्द्रीत हुनको लागि प्रदेश सरकारका स्वास्थ्य मन्त्रालय समेत गाभिएका सामाजिक विकास मन्त्रालय तथा त्यसका कर्मचारीहरुको पूर्ण सक्रियताको आवश्यकता देखिन्छ ।

स्वास्थ्यका कर्मचारीहरुलाई गाउँपालिका र नगरपालिकामा वडा कार्यालयहरुमा उहाँहरुले सिकेका र तालिम लिएका कार्यहरुभन्दा भिन प्रवृतिको कार्यहरु गर्न जिम्मेवारी दिने गरेकोले अधिकांश कार्यहरु प्रभावित हुने गरेको छ । स्वास्थ्य संस्थाहरुमा आउने रोगीहरु स्वास्थ्य सेवाबाट दिनप्रतिदिन बञ्चित बन्दै गइरहेका छन् । यसै सन्दर्भमा जनस्वास्थ्य प्रमुख यादवले जुन दिनदेखि स्थानीय निकायमा स्वास्थ्य संस्थाहरुलाई गाभिएको छ । त्यो दिनदेखि स्वास्थ्य संस्थाहरुको कर्मचारी जिल्ला जनस्वास्थ्य कार्यालयलाई नटेर्ने अवस्थाको सिर्जना भइरहेको छ । तसर्थ गाउँपालिका अध्यक्ष तथा नगरपालिकाका प्रमुख लगायतका जनप्रतिनिधिहरुको सक्रियता तथा सम्वेदनशिल भई जनु कार्यमा दक्ष रहेका जनशक्ति कर्मचारीहरुलाई त्यही कार्यमा लगाउनु पर्ने अवस्थाको सिर्जना गर्नुपर्छ । यदि कुनै वडा कार्यालयहरु स्वास्थ्यका कर्मचारीहरुलाई अन्य काममा लगाउँदै त्यसमाथि कार्वाहीको प्रक्रियाहरु अगाडि बढाउनु पर्ने अवस्थाको सिर्जना गर्नुपर्छ ।

अहिले कोरोना भाइरसको जटिल समस्याको कारणले गर्दा सबै नागरिकहरु सचेत भई समयमा त्यस्ता कुनै प्रकारका लक्षणहरु देखा परे स्वास्थ्य संस्थाहरुमा जानु पर्ने अवस्थामा स्वास्थ्य संस्थाहरु पनि सम्वेदनशिल भई आफुले पाएका कामको जिम्मेवारी निर्वाह गर्नुपर्ने आफ्नो दायित्वको कर्तव्यबोध हुनुपर्ने अवस्थामा देखिन्छ ।

खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# प्रदेश २ का स्थानिय तहमा १ सय ४९ वटा आर्थिक अनियमितताका उजुरी

**राजविराज**/अख्तियार अनुसन्धान आयोगका अधिकृत गिरीराज भट्टराइले प्रदेश २ का स्थानिय तहमा १ सय ४९ वटा आर्थिक अनियमितताका उजुरी परेको जानकारी दिएका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरी कार्यालयद्वारा मंगलबार राजविराजमा आयोजित भ्रष्टाचार नियन्त्रण र शुसासन प्रवर्द्धनका लागि जिल्ला स्तरिय अन्तरक्रिया कार्यक्रममा सो जानकारी दिएका हुन्।

उनले आ.ब. २०७५/०७६ मा सप्तरी जिल्लाबाट सर्वाधिक २ सय ५६ वटा आर्थिक अनियमितताको उजुरी परेको समेत बताए।

उनले पुरानो सरेर आएको १ सय २२ तथा आर्थिक वर्ष २०७५/०७६ मा परेको २ सय ५६ उजुरी गरी कुल ३ सय ७८ मध्ये १ सय ८२ उजुरीको फर्छ्यौट गरी सकेको र बाँकी १ सय ९६ उजुरी छानविनको क्रममा रहेको उल्लेख गरे।

कार्यक्रममा आयोगको ईटहरी कार्यालयका प्रमुख चक्र बहादुर बुढाले सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि आयोगले गर्ने गरेको गतिविधिमा सबैले सहयोग गर्नुपर्नेमा जिकिर गरे।

उनले आर्थिक अनियमितता र भ्रष्टाचार विषयमा आयोगमा परेको उजुरी तथा गुनासाका आधारमा सुक्ष्म अनुसन्धान गरी आयोगले निष्पक्ष ढंगले कार्यवाही प्रकृया अघि बढाउने गरेको बताए।

कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, उपप्रमुख साधना झा, तिलाठी कोईलाडी गाउँपालिकाका प्रमुख सतिश सिंह, रुपनी गाउँपालिकाका प्रमुख हरेराम यादव, पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झा लगायतले भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि अवलम्बन गर्नुपर्ने उपायबारे समेत आ-आफनो सुझाव दिएका थिए।

# वर्षाले इट्टामा क्षति पुऱ्याएपछि करमा छुटको माँग

**राजबिराज**/सप्तरी ईट्टा उद्योग व्यवसायी संघले वर्षाका कारण चालु आ.ब.मा वर्षाका कारण पाँच करोड भन्दा बढी मुल्य बराबरको ईट्टामा क्षति भएको जनाएको छ।

संघले बिहीवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि पाँच पटकको वर्षाका कारण ५ करोड भन्दा बढी मुल्य बराबरको इट्टामा क्षति भएको जानकारी दिएको हो।

आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष दुर्गानन्द साहले वर्षाले उद्योगमा पकाउन तयारी अवस्थामा राखिएको काचो ईट्टामा क्षति पुगेको र सो नोक्सानीलाई कम गर्न राज्यबाट ईट्टामा लाग्ने कर छुटको माँग समेत गरे।

उनले कोईलाको अभाव र चर्को करका कारण ईट्टा उद्योगको अवस्था जर्जर बन्दै गएको भन्दै भारतबाट कोईला ल्याउन रोक लागेपछि बिदेशबाट कोईला मगाउन महगो पर्ने सँगै झन्झटिलो हुने भएकोले धेरै ईट्टा उद्योग बन्द हुने अवस्थामा पुगेको बताए।

एउटा उद्योगका लागि ६ सय देखि १ हजार टन कोईलाको आवश्यकता पर्ने गरेको बताउदै ईन्डोनेसिया, अमेरिकाबाट कोईला मगाउन धेरै समय लाग्ने र भारतीय कोईला जस्तो क्वालिटी नभएको अध्यक्ष साहले जानकारी दिए।

वर्षाका कारण र कोईला अभावका कारण ईट्टा भट्टामा भएको क्षतिले हाल ईट्टाको मूल्यमा १४ रूपैया बाट २ रूपैया बृद्दि गरी १६ रूपैया पुऱ्याएको अध्यक्ष साहको भनाई थियो।

जिल्लामा ७२ ईट्टा उद्योग दर्ता रहेकोमा हाल ४२ ईट्टा भट्टा सञ्चालनमा रहेको र अन्य बाँकी ईट्टा उद्योगहरु बन्द हुने अवस्थामा पुगेको उपाध्यक्ष दासले जानकारी दिए। सप्तरीमा बार्षिक १ करोड २५ लाख ईट्टा उत्पादन हुने गरेको जनाइएका छ।

# भ्यालेन्टेन अफर अन्तर्गत एनसेलको 'ह्याप्पी आवर अन रिचार्ज'

**काठमाडौं**/एनसेलले 'ह्याप्पी आवर अन रिचार्ज' अफर ल्याएको छ।

एनसेल प्राईभेट लिमिटेडले 'अफैं नजिकिन्छ सम्बन्ध' योजना अन्तर्गत भ्यालेन्टेन अफर अन्तर्गत सो योजना ल्याएको हो।

ग्राहकले रु १०० र यस भन्दामाथिको प्रत्येक रिचार्ज बापत भ्वाइस सेवामा छुट प्राप्त गर्न सकिने र अफर फागुन १५देखि लागु भएको एनसेलले जनाएको छ।

अफर अन्तर्गत एनसेलका प्रिपेड ग्राहकले मात्र ९९ पैसा प्रति मिनेट (कर सहित रु १.२६ पैसा) मा एनसेल नेटवर्कभित्र कुरा गर्न सक्ने एनसेलले जनाएको छ।

भ्वाइस सेवामा पाइने छुट बिहान ८ बजेबाट दिउँसो ३ बजेभित्रको समयमा लागु हुने तथा यस अफरबाट फाइदा लिनका लागि ग्राहकले एस्टिरक्स १७१०६ ह्यास् डायल गरी आफुलाई अफरमा नि:शुल्क रुपमा सहभागि गराउन सक्ने जनाइएको छ।

अफर सुचारु गरी सकेपछि ग्राहकले रिचार्ज रकमका आधारमा भ्वाइस सेवामा विभिन्न समयसिमा रहेका छुटबाट लाभ लिन सक्नेछन्। ग्राहकहरुले रु १०० रिचार्ज गर्दछन् भने ९९ पैसा प्रति मिनेट छुटको लाभ ७ दिनका लागि पाउनेछन्।

यता रु २००, रु ३०० र रु ५०० रिचार्ज गर्ने ग्राहकहरुले यो छुटको लाभ क्रमश: १४ दिन, २१ दिन र ३० दिनका लागि लिन सक्नेछन्। यसैगरी ग्राहकहरुले रु १,००० रिचार्ज गर्दछन् भने यो छुटको लाभ रकम रिचार्ज गरेको दिनबाट ६० दिनका लागि पाउनेछन्।

९० दिनसम्म संचालन हुने यस अफरले ग्राहकलाई आफ्ना प्रियजनसँग थप नजिक रहन मद्दत पुऱ्याउनुका साथै आफ्ना सम्बन्धहरुलाई अझै प्रगाढ बनाउन योगदान पुऱ्याउने विश्वास एनसेलले लिएको छ।

## राजविराज नगरपालिका

........४ नं........ वडा कार्यालय

राजविराज, सप्तरी

२ नं. प्रदेश, नेपाल

पत्र संख्या ०७६/०७७

च.नं. २०९

मिति: २०७६/११/१९

श्री राजविराज नगरपालिका वडा नं. ४ वडा कार्यालयवाट प्रकाशित सुचना।

उपरोक्त सम्बन्धमा यस राजविराज नगरपालिका ४ नं. वडा भित्र विभिन्न स्थानहरुमा सडक वाटो पी.सी.सी. ढलान नाला निर्माण तथा स्ल्याव बनाउने कार्यको लागि उपभोक्ता समिति गठन गर्नुपर्ने भएकोले तपशिल बमोजिम उल्लेख भएको मिति, समय र स्थानमा उपस्थित भई उपभोक्ता समिति गठन गर्ने कार्यमा सहयोग गरि दिन हुन समस्त वडा वासीहरुमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

| क्र.सं. | कामको नाउ | गठन हुने मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | कपलेश्वर साहको घर देखि महेन्द्र साहको घर सम्म अधुरो पी.सी.सी ढलान। | २०७६/११/२१ | विहान ८ बजे | कपलेश्वर साहको अगाडी चौवाटोमा |
| २. | मस्जिद पछाडि अधुरो पी.सी.सी. ढलान। | २०७६/११/२२ | विहान ८ बजे | माला सहनीको घर अगाडि बाटोमा |
| ३. | रोशन अंसारीको घर देखि पूर्व बब्लुको घर सम्म नाला स्लाव निर्माण। | २०७६/११/२१ | दिनको २ बजे | बब्लुको घर अगाडिको बाटोमा |
| ४. | मस्जिदको रेलिङ्को निर्माण। | २०७६/११/२२ | बिहान ११ बजे | केन्द्र नं.-६, स्कुल अगाडि |
| ५. | कैलास रायको घर देखि अलाउदीनको घर सम्म पी.सी.सी. ढलान। | २०७६/११/२३ | विहान ८ बजे | केन्द्र नं.-६, स्कुल अगाडि |
| ६. | राजेश्वरी थापाको घर अगाडि पी.सी.सी. ढलान। | २०७६/११/२१ | बिहान ११ बजे | राजेश्वरी थापा घर अगाडि |
| ७. | भरत साह ललन साहको घर पछाडिको वाटो मर्मत संभार। | २०७६/११/२३ | बिहान ११ बजे | भरत साह घर पाछाडि |

मो. अखतर अली मियाँ
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-४

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिंगरलिङ्गको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

स्था. २०५७

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

सहकारी बिभाग दर्ता न.१२०१०५७५८

# जनमुखी वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## राजविराज ३,(हाल ४) सप्तरी

मिति : २०७६/११/१२

## कर्जा चुक्ता गर्न आउन बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

यस संस्थाका तपशिलमा उल्लेखित सदस्यहरुले संस्थाबाट उपभोग गरेको कर्जा चुक्ता फछ्र्योट गर्न पटक पटक मौखिक तथा लिखित रुपमा अनुरोध गर्दा समेत संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जाको साँवा,ब्याज, हर्जाना समेतको रकम चुक्ता फछ्र्योट नगरेको हुनाले यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितीले ३५ दिन भित्र सम्पुर्ण साँवा, ब्याज, हर्जाना समेतको रकम चुक्ता फछ्र्योट गर्न पुनः यसै सुचना द्वारा ऋणी सदस्यलाई सुचित गरिन्छ । अन्यथा ३६औं दिनदेखी ऋणी संगको कानुनी लिखत र सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ ले दिएको अख्तियार प्रयोग गरी लेखाईदिएको धितो जायजेथा लिलाम बिकी गरी संस्थाले लेना रकम असुल प्रकिया अगाडी बढाईने व्यहोरा जानकारी गराईन्छ ।

**तपशिल**

**धितो जायजेथा र ऋणिको विवरण**

| क्र.स. | ऋणिको नाम थरर तिन पुस्ते विवरण | ठेगाना | धितोको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | **श्री डोमनी देवी यादवनी**<br>पति :– बाबुजी यादव<br>बुवा :– छुतहरु यादव,<br>ससुरा :– असर्फी यादव | जिल्ला सप्तरी, साविक गा.वि.स. हरिहरपुर वडा नं. ३, हाल न.पा. राजबिराज वडा नं. १० | सि.नं. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
| | | | १ | सप्तरी | अगाडी | ७ क | ८५६ | ०–२–० |
| | | | २ | सप्तरी | अगाडी | ७ क | ८ | ०–७–१० |
| | | | ३ | सप्तरी | अगाडी | ७ क | ६६० | ०–३–२ |
| | | | उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| २. | **मो. नाजिर हुसैन**<br>बुवा :– मो. जाकिर हुसैन<br>बाजे :– मो. कितावली हुसैन | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं.४ हाल ३ | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं. ४ हाल ३ स्थित किता नं.१४८० को क्षेत्रफल ०–० –४ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| ३. | **मो. बदरुद्दीन अली**<br>बुवा :– अमानत मिया<br>बाजे :– कारि मिया | जिल्ला सप्तरी,<br>न.पा. राजबिराज<br>वडा न.२ हाल १ | जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं. २ हाल १ चनौरा परिरयाको किता नं. २५१ को क्षेत्रफल ०–१–१ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| ४. | **श्री प्रमोद यादव**<br>बुवा :– सुनर यादव<br>बाजे :– अनुप यादव | जिल्ला सप्तरी, साविक गा.वि.स. देउरी वडा नं.७ | सि.न. | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
| | | | १ | सप्तरी | देउरी | ७ | ७२ | ०–१–४ |
| | | | २ | सप्तरी | देउरी | ७ | ४७३ | ०–३–७.२५ |
| | | | ३ | सप्तरी | देउरी | ७ | ४७५ | ०–०–१५.७५ |
| | | | ४ | सप्तरी | देउरी | ७ | ४७९ | ०–२–१.७५ |
| | | | ५ | सप्तरी | देउरी | ८ | ८५५ | ०–०–६.७५ |
| | | | ६ | सप्तरी | देउरी | ८ | ४५७ | ०–१–१३.२५ |
| | | | ७ | सप्तरी | देउरी | ८ | ४६० | ०–३–१८ |
| | | | ८ | सप्तरी | देउरी | ७ | ७३ | ०–०–१६ |
| | | | उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| ५. | **श्री सकुन्तला देवी चौधरी वैश्य**<br>श्रीमान् :– विन्देश्वरी चौधरी<br>ससुरा :–सुर्यवंशी चौधरी | जिल्ला सप्तरी, साविक गा.वि.स. विषहरिया वडा नं.४ | सि.न. | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
| | | | १ | सप्तरी | बिषहरिया | ४ क | १५ | ०–१–१५ |
| | | | २ | सप्तरी | बिषहरिया | ४ क | ५२ | ०–०–६ |
| | | | ३ | सप्तरी | बिषहरिया | ४ क | ६० | ०–०–९ |
| | | | ४ | सप्तरी | बिषहरिया | ४ क | ६३ | ०–०–९ |
| | | | ५ | सप्तरी | बिषहरिया | ८ ख | १०४ | ०–१–२ |
| | | | ६ | सप्तरी | बिषहरिया | ८ ख | १०६ | ०–३–१० |
| | | | उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |
| ६. | **श्री राम प्रसाद खत्वे**<br>बुवा :– सोनाई खत्वे<br>बाजे :– टुराई खंग खत्वे | जिल्ला सप्तरी, साविक गा.वि.स. कोचाबखारी<br>वडा नं.१ | जिल्ला सप्तरी, गा.वि.स. बरही विरपुर वडा नं. ५ ग किता नं. ५०७ को क्षेत्रफल ०–२–७ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत । | | | | | |

# सेभ द सप्तरीद्वारा सन् २०२० मा गरिने कार्यक्रमबारे जानकारी

**राजविराज**/सन् २०२० मा गर्ने आफ्नो कार्यक्रम बारे सेभ द सप्तरीले जानकारी दिएको छ।

सेभ द सप्तरीको कार्यलयमा आयोजित सल्लाहकार समितिको बैठकमा सो जानकारी दिइएको छ।

सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले आगामी सन् २०२० को ६ महिनाको अवधिमा ग्रामीण खानेपानी तथा पुर्ण सरसफाइ, बर्थिङ्ग केन्द्रको लागि मर्मत सम्हार, प्रसुती गृहमा नवजात शिशु स्यहार कुन्ना स्थापना, प्रसुती गृहमा कङगारु मदर स्यहार कुन्ना स्थापना, स्वास्थ्य संस्थामा मातृ स्वास्थ्य सेवाको लागि गुणस्तर सुधार टोली गठन र व्यवास्थापन समितीका पदाधिकारीहरुलाई तीन दिने तालिम दिने जनाएको छ।

त्यस्तै विद्यालय भर्ना अभियानमा सहयोग समुदायमा गणितिय शिविर/महोत्सव न्युमेरेसी बुस्ट माध्यमबाट शिक्षण गर्न सामग्री प्रदान विद्यालयमा अतिरिक्त क्रियाकलाप कक्षा १ मा पढाउने शिक्षकहरुको लागि न्युमेरेसी बुस्ट तालिम कोठाभित्रको बुक कर्नर/पुस्तकालय स्थापनामा सहयोग विद्यालय व्यवस्थापन समिति, प्र.अ., शिक्षक, अभिभावक, पालिका प्रतिनिधि, विद्यार्थी र वडा सदस्यको संयुक्त गुणस्तरीय शिक्षा सुदृढिकरण कार्यशालाको आयोजना गरिने जनाइएको छ।

राजविराज नगरपालिकासहित जिल्लाको छिन्नमस्ता, तिलाठी कोइलाडी तथा बिष्णुपुर गाउँपालिकाको कार्यरत संरचना अनुसार १० वटा कृषक समुह, ३ सहकारी संस्था, १६ वटा स्वास्थ्य चौकी, ५१ वटा आधारभूत विद्यालय र १३ माध्यमिक विद्यालय तथा ८५ वटा बाल विकास केन्द्र, १२६ बाल क्लव, १६ वडा बाल क्लव सञ्जाल र एक गाउँबाल क्लव सञ्जाल, २७ वडा बाल संरक्षण समिति तथा २ सय २५ वटा लघु उद्यमीहरुलाई अहिलेसम्म सेवा पुऱ्याएको बारे समुन्नति कार्यक्रम संयोजनक गोपाल प्रसाद चौधरीले जानकारी दिएका छन्।

सन् २०१९ मा प्राप्त गरेको उपलब्धीहरु ३ सय ९ प्रजनन् उमेरका महिलाहरुले मातृ तथा नवजात शिशु स्वास्थ्य बारे जानकारी, स्वास्थ्य संस्थामा मातृ मृत्यु निगरानी प्रतिकार्य परिचालन, स्वास्थ्य संस्थामा मातृ स्वास्थ्य सेवाको लागि गुणस्तर सुधार टोली गठन भएको र १५ स्वास्थ्य कर्मीहरुलाई तालिम दिइएको बताइएको छ।

संक्रमण रोकथामको लागि सखडा स्वास्थ्य चौकीमा औजार सहयोग, सूचना प्रविधिको माध्यमद्वारा बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न ल्यापटप, प्रोजेक्टर, पेनड्राइभ र साउण्ड बक्स प्रदान गरिएको छ।

बिष्णुपुर गाउँपालिकाका अध्यक्ष लिलम्बर यादवको प्रमुख अतिथियमा आयोजित कार्यक्रम सल्लाहाकार समितिको बैठकमा बिभिन्न सरकारी तथा गैरसरकारी संस्था, पत्रकार गाउँपालिका र नगरपालिकाका प्रमुख, प्रतिनिधि, कृषि क्षेत्रका प्रमुखसहितकाको उपस्थित रहेको उक्त कार्यक्रममा सेभ द सप्तरीले जिल्लाको दक्षिणी र पश्चिमी भेगमा गरेको कार्यक्रमबाट स्थानिय जनतालाई बिभिन्न शिक्षा, स्वास्थ्य, कृषि, लघुउद्यमी जस्ता कार्यक्रमहरु ल्याएर ठूलो योगदान पुऱ्याइरहेको भन्दै धन्यवाद दिइएको छ।

जिल्ला समन्वय समितिका संयोजक प्रभाकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मदन थापा, नेपाल शिक्षक महासंघका अध्यक्ष दिनेश कुमार यादव, सेभ द चिल्ड्रेनका अरुण महतो, छिन्नमस्ता गाउँपालिका अध्यक्ष सुर्यनारायण मण्डल, नेपाल पत्रकार महासंघका उपाध्यक्ष श्यमसुन्दर यादव, सेभ द सप्तरीका अध्यक्ष धुव्र प्रसाद देव लगायतका वक्तहरुले बोलेका थिए।

कार्यक्रममा कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख किसुनदेव राउत, सवल नेपालका अध्यक्ष जुना गिरी, एनजिओ फेडरेशनका उपाध्यक्ष बलदेव मण्डल, सेभ द सप्तरीका फिल्ड अफिसर बिष्णुकान्त देव, कृषि प्राबिधिक रामकुमार साह, प्रोग्राम सुपरभाइजर मोनिका मिश्र, राजिव चौधरी, दुर्गानन्द शर्मा र संतोष यादव लगायत सेभ द सप्तरीमा कार्यरत कर्मचारी तथा सामुदायिक परिचालकहरुको उपस्थित रहेको थियो।

# विद्यतु चोरी गर्ने आधा दर्जन व्यक्ति पक्राउ

**राजविराज**/विभिन्न उपाय लगाएर विद्युत चुहावट (चोरी) गर्ने आधा दर्जन व्यक्तिलाई पक्राउ गरिएको छ।

राजविराज बिद्युत बितरण केन्द्रका कर्मचारी तथा प्रहरीको संयुक्त टोलीले हुकिङ्ग गरि बिद्युत चुहाबट गर्ने आधा दर्जन व्यक्तिलाई मंगलबार पक्राउ गरेको हो।

पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका ११ बस्ने श्याम कुमार मंडल, नारायण प्रसाद यादव, राजविराज नगरपालिका १ बस्ने एकराम यादव, वडा नम्बर १ कै सत्यनारायण साह, दिनेश यादव र वडा नम्बर २ बस्ने मो. अमिन रहेका छन्।

पक्राउ परेका सबैमाथि बिधुत चुहावट नियन्त्रण बिनियमावली २०५९ अनुसार कार्वाही गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रबक्ता प्रहरी नायब उपरिक्षक तिलक भारतीले जानकारी दिए।

# संविधान संशोधन नै 'बटम लाईन'



**नवराज सुवेदी**

प्रधानमन्त्री केपी ओलीले आफ्नो दुईवर्षे कार्यकालको बारेमा जेजति प्रशंसा गर्नुभएको छ, यसमा जनताले कसरी अनुभूति गरेका छन् भन्ने कुरा नै प्रमुख हो । मूलभूतरूपमा नेपालको विकाससँग प्रश्न जोड्यौं भने कुल बजेटको जुन पुँजीगत खर्च छ, त्यसमा पूरै निराशाजनक छ । एउटा प्रदेशबाहेक अन्य प्रदेशहरूमा मूलभूतरूपले १८ प्रतिशत पनि विकासको खर्च हुन सकेको देखिँदैन । पुँजीगत खर्च हुन नसकेर पुनः राज्यकै ढुकुटीमा फर्किरहेको छ । प्रधानमन्त्रीले त धेरै ठूलठूला वाचा पनि गर्नुभएको थियो, त्योअनुसारको काम भएको पटक्कै देखिँदैन । अहिले उपभोग्य वस्तुहरूमा जुन किसिमले महँगी बढिरहेको छ, जनताले थेग्नै नसक्ने स्थिति बजारभाउको देखिएको छ । त्यसैले, जुन कुराको प्रचारबाजी सरकारले गरिरहेको छ त्यस किसिमको अनुभूति जनतामा भइरहेको छैन ।

हाम्रो पार्टी डेढ वर्षसम्म पनि त सरकारमा रह्यो । र सरकारको असफलताको भागिदार हुँदैन । वास्तविकता के हो भन्ने बुझ्नुपर्छ । खासगरी संसदीय प्रणाली भनेको प्रधानमन्त्रीय प्रणाली हो । यसमा अन्य मन्त्रालयहरूको सहयोगी भूमिका मात्रै हुन्छ, मुख्य भूमिका प्रधानमन्त्रीको हुन्छ । त्यसैले, कतिपय कुरामा हामीले डेलिभरी दिन चाहेर पनि हुनसक्ने अवस्था थिएन । तर, हामीले अधिकतम् प्रयत्न गरेकै हौं ।

कतिपय मन्त्रालय अन्तर्गतका कार्यक्रमहरू जसमा नेपाल सरकारले प्रतिनिधित्व गर्नुपर्ने हुन्छ, कतिपय कार्यक्रमहरू त विश्व स्वास्थ्य संगठनसँग जोडिएका हुन्छन् । त्यसो भएको हुनाले मन्त्री विदेश भ्रमणमा जानै हुन्न भन्ने कुराहरू सान्दर्भिक होइन । विश्व स्वास्थ्य मञ्चहरूमा नेपालको स्वास्थ्य स्थिति के हो, नेपाल कहाँ छ भन्ने बारेमा जानकारी गराउनका निम्ति पनि कतिपय प्रसंगमा विदेश जानैपर्ने हुन्छ । यस विषयमा समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई बदनाम गराउने मनसायले यस्ता कुराहरू प्रचारमा ल्याइएको हो ।

हामी सरकारमा जाने बेलामा नेकपाका नेताहरूले संविधान संशोधन दुई तिहाइले हुन्छ भनेका थिए । त्यसका लागि समाजवादी पार्टी सरकारमा आउनुपऱ्यो, त्यसपछि संशोधन विषय अगाडि बढाउँछौं भन्ने कुरा गरेर नै समाजवादी सरकारमा गएको थियो । त्यसकारणले हामी कुनै अन्य ध्येय वा उद्देश्यभन्दा पनि मूलतः संविधान संशोधनलाई नै केन्द्रमा राखेर सरकारमा गएको थियौं । जब हाम्रो अध्यक्षजी कानून मन्त्रालयमा जानुभयो, त्यसपछि संविधान संशोधनका लागि विषयहरू पहिचान गर्नका लागि विज्ञ समिति निर्माण गरौं भन्ने प्रस्ताव राख्दा प्रधानमन्त्रीले ठाडै अस्वीकार गर्नुभयो । त्यसकारणले समाजवादी पार्टी सरकारबाट बाहिरिनुको अन्य कुनै कारण होइन, हामीसँग गरिएको दुईबुँदे सहमति कार्यान्वयन हुने अवस्था नदेखिएपछि सरकारबाट बाहिरिएको हो ।

संविधानले परिकल्पना गरेका मौलिक हकहरू कार्यान्वयन गर्नका निम्ति ऐन/कानूनहरूको आवश्यकता पर्छ । त्यो मौलिक सबैका लागि आवश्यक छ । करिब ३० वटासम्म कानूनहरू निर्माण गर्ने चरणमा थियौं, पछाडि गरौंला भन्ने कुरा सुरूमा नेकपाका नेताहरूले गरेका थिए । त्यसलाई हामीलाई स्वाभाविकरूपमा लियौं । त्यसपछि हामी ताकेता गर्नेतिर लाग्यौं । त्यतिखेर उनीहरूले संशोधन गर्दैनौं भनेर त भनेन तर जब कानून मन्त्रालयमार्फत् यस्तो प्रस्ताव ल्याइयो अनि हामी प्रष्ट भयौं कि यो सरकारले संविधान संशोधन गर्दैन । त्यसपछि हामी सत्तामा टाँसिरहनुको कुनै औचित्य रहेन ।

समाजवादी र राजपाबीच एकताका लागि विभिन्न चरणमा कुराकानी त भएकै हो । पछिल्लो समय राष्ट्रियसभा निर्वाचनको बेला राजपाले नेकपासँग सहकार्य गर्न पुग्यो । त्यसपछि एकता वार्ता केही हदसम्म पछि परेको हो । अहिलेको अवस्थामा राजपा र नेकपाबीचको सहकार्य पनि समाप्त भइसकेको छ । अहिले फेरि औपचारिक/अनौपचारिक रूपमा एकताका लागि वार्ता र सम्वाद चलिरहेको छ । संविधान संशोधनको सन्दर्भमा हाम्रा मुद्दाहरू मिलिरहेका छन्, संविधान अपूर्ण छ, समावेशिताको विषयमा पनि हामी एक छौं । पहिचानसँगको मुद्दाहरूमा पनि हाम्रो धेरै धारणाहरू मिलेकै छन् । त्यसैले यी दुई पार्टी मिल्यो भने देश र जनताका लागि राम्रो गर्छ । हामी आशावादी छौं, अलिकति समय लाग्ला तर एकतामा जानुको विकल्प छैन ।

विभिन्न संचारमाध्यमबाट पनि र राजपाका नेतृत्व तहका नेताहरूबाट पनि  माग सम्बोधन भए सरकारमा सहभागी हुने भन्ने विषय सुनिन थालेको छ । संविधान संशोधनको विषयदेखि लिएर, रेशम चौधरीको रिहाई, विभिन्न कार्यकर्ताहरूमाथि लागेको झुट्टा मुद्दा फिर्ता आदि राजपाका तर्फबाट सरकारमा सहभागी हुन प्रस्तुत गरिएका सर्तहरू छन् । त्यसमा प्रधानमन्त्रीसँग सहमति बन्न सकेको छैन । समाजवादीसँग एकताको विषयलाई लिएर पनि अहिले तत्कालै सरकारमा सहभागी नहुने भन्ने खालका अभिव्यक्तिहरू पनि आइरहेकै छ ।

संविधान संशोधनको विषयलाई लिएर हामीले जनकपुरमा एउटा कार्यशालाकै आयोजना गरेका थियौं । त्यसबाट पनि हामीले यो विषयलाई पार्टीको आन्तरिक फोरममा मात्र नभएर बाह्य फोरमहरूमा पनि संविधान संशोधन अपरिहार्य हो भन्ने विषयलाई अगाडि बढाइराखेका छौं । त्यही सिलसिलामा संविधान संशोधनका सबै पक्षधर राजपा नेपालदेखि लिएर संसदभित्र भएका साना शक्तिहरू, संसदमा प्रतिनिधित्व गरेका दलहरूको पनि संविधान संशोधन होस् भन्ने चाहना अनुरूप उनीहरूसँग निरन्तर हाम्रो संवाद, छलफल भईरहेको छ ।

सरकार भित्र बसेकाहरूले पनि जवाफ दिनुपर्छ । पहिलो संविधानसभामा भएका धेरै विषयवस्तुलाई दोस्रो संविधानसभाबाट संविधान निर्माणको प्रक्रियासम्म आइपुग्दा उल्ट्याउने काम पनि भएको छ । असन्तृष्टिहरूलाई सम्बोधन नगरी अगाडि बढ्ने सरकारको पनि कमजोरी हो । संविधान संशोधन राजपा र समाजवादीको मात्र एजेन्डा होइन, बहिष्करण र बञ्चितीकरणमा परेका विभेदमा परेको सबैका लागि हो । त्यही भएर हामी सबै समक्ष अपिल गर्छौं जनमत बढाउँछौं । देशव्यापी रूपमा संविधान संशोधनको माहोल बनाउँदै लैजाने हाम्रो योजना रहेको छ ।

संसदभित्र र बाहिर पनि प्रमुख प्रतिपक्षको कमजोर भूमिका रहँदै आएको छ । सभामुखको निर्वाचनको सन्दर्भमा, विश्वविद्यालयको पदाधिकारीहरूको बाँडफाँडको सन्दर्भमा, संवैधानिक निकायका कतिपय पदाधिकारीहरूको सिफारिसमा पनि प्रतिपक्षले सत्ताप्रक्षलाई नै सहयोग पुग्ने हिसाबले अगाडि बढेको जस्तो देखिन्छ । यसका बाबजुद पनि हामीले प्रतिपक्षसँग छलफल, परामर्श गर्ने र संविधान संशोधनको पक्षमा उनीहरूको सहयोग र साथ आवश्यक भएको जानकारी गराएर सहकार्य जारी नै राख्दछौं ।

प्रदेश २ सरकारले आफ्नो ठाउँबाट प्रयत्न त गरिरहेकै छ । महिला शिक्षाका सन्दर्भमा, छोरी बिमाका सन्दर्भमा, चेतनाका स्तर वृद्धि गर्ने सन्दर्भमा र सामाजिक विकासका त धेरै कामहरू भइरहेको छ । जनताको आंकाक्षा अल्लि बढी पनि छ त्यसैले सबै आंकाक्षा छोटो समयमै पुरा हुन सक्दैन । प्रदेश २ सरकारले शिक्षा, स्वास्थ्य, बिमा लगायतका दिर्घकालीन योजनाहरू अगाडि बढाएको छ । यो सराहनीय कार्य हो । विकासका आयोजनाहरूमा चुस्त, दुरूस्त रूपमा अगाडि बढाउन, कानुनको कार्यान्वयन गर्न सन्दर्भमा संघीय सरकारले दिनुपर्ने अधिकार नदिएको अवस्थाले पनि असर गरिरहेको छ । तर पनि सरकारले आफ्नो प्रयत्न अनुरूप काम गरिरहेको छ । यदि कतै कमीकमजोरी भएको रहेछ भने हामी सच्चाएर अगाडि बढ्न तयार छौं । *(समाजवादी पार्टीका उपाध्यक्ष सुवेदीसँग गरिएको कुराकानीमा आधारित) (मधेश दर्पण फिचर सेवा)*

## चोरी गरेको स्थानमा पुनः चोरी गर्न आउँदा पक्राउ

**राजविराज**/सप्तरीको बलान बिहुल गाउँपालिका ५ रामनगर कोदरकट्टीमा गत हप्ता चोरी गर्न आएका एक चोर मध्ये एक चोरलाई स्थानियहरुले पक्राउ गरि प्रहरीको जिम्मा लगाएको छ ।

गत हप्ताको आइतबार बिहान सो स्थानका आधा दर्जन घरमा चोरहरुले लाखौं मुल्य बराबरको सामानहरु चोरी गरेको भोली पल्ट पुनः चोरी गर्न आएका चोरहरु मध्येबाट एक चोरलाई पक्राउ गरिएको हो ।

स्थानियहरुले भारतको मधुवनी जिल्ला लौकही बस्ने २० बर्षीय मो. अजाद अन्सारीलाई पक्राउ गरि प्रहरी चौकी रामनगरमा बुझाएका हुन् ।

यसअघि चोरहरुको समुहले स्थानीय अमृतलाल यादव, रुपलाल यादव, इन्द्रदेव यादव, मनिकलाल साह, कारी यादव लगायतको घरबाट धनमाल चोरी गरेका थिए ।

अज्ञात समूहले घरको ढोका फुटाएर २२ हजार नगदसहित सुन, चाँदीका गरगहना गरि २ लाख २२ हजारको सम्पत्ति चोरी गरेको पीडित मध्येका एक कारी यादवले बताएका छन् ।

यता सो ममूहले स्थानीयहरुको घरबाट नगद, गरगहना, भाडाकुडा, मोवाइल लगायतको करिब २० लाख मुल्य बराबरको धनमाल चोरेर लगेको स्थानीयबासी अशोक कुमार यादवले जानकारी दिएका छन् ।

## अवैध सुनसहित दुई पक्राउ

**सिरहा**/इलाका प्रहरी कार्यालय लहानको टोलीले १९ तोला ९७ लाल अवैध सुनसहित दुई जनालाई पक्राउ गरेको छ ।

लहानस्थित शहिद चौकबाट लहान नगरपालिका १९ निवासी मो.मोतिउल रहमान र मो.मुचुजा प्रहरीले पक्राउ गरेको हो ।

गोप्य सूचनाको आधारमा प्रहरी टोलीले पुर्वबाट पश्चिमतर्फ जाँदै गरेको को.३८प. २६३२ नम्बरको मोटरसाईकललाई चेकजाँच गर्दा दुबैको साथबाट करिब १५ लाख ५८ हजार मुल्य बराबरको अबैध सुन बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएकोछ ।

# अन्तर्राष्ट्रिय समाचार

## कोरोना भाइरसका कारण शुक्रबारसम्म विश्वभर २ हजार ८ सय ७३ को मृत्यु

**पेरिस**/नयाँ कोरोनाभाइरसको सङ्क्रमणबाट विश्वभर ग्रीनवीच समय अनुसार शुक्रबार मध्यान्नसम्ममा दुई हजार ८७३ व्यक्तिको मृत्यु भएको छ । विश्व स्वास्थ्य संगठनले कोभिड-१९ नाम दिएको उक्त भाइरस विश्वका ५६ देशमा फैलिएको र विश्वभर कूल  ८३ हजार ८५३ व्यक्तिमा सङ्क्रमण भएको विश्व स्वास्थ्य संगठन र सम्बन्धित देशका अधिकारीले पुष्टि गरेको तथ्याङ्कमा बताइएको छ ।

सम्बन्धित मुलुकका आधिकारिक स्रोतहरूबाट एएफपीले सङ्कलन गरेको तथ्याङ्कमा जनाइएको छ । बिहीबार साँझपछि उक्त भाइरसको सङ्क्रमण एक हजार २९३ थप व्यक्तिमा देखिएको छ । मूख्यभूमि चीनमा कोरोना भाइरसका कारण शुक्रबारसम्म दुई हजार ७८८ व्यक्तिको मृत्यु भएको छ भने ७८ हजार ८२४ जनालाई सङ्क्रमण पुष्टि भैसकेको छ । ग्रीनवीच समय अनुसार बिहीबार साँझ ५ बजेपछि शुक्रबार दिउसो १ बजेसम्म चीनमा थप ४१ जनाको मृत्यु भएको छ भने ३२७ जना नयाँ व्यक्तिमा सङ्क्रमणको पुष्टि भएको छ ।

यसबाहेक विश्वका अन्य मुलुकहरूमा कूल पाँच हजार २९ व्यक्ति सङ्क्रमित भएका छन् भने चीनबाहेक अन्य मुलुकमा कूल ८५ जनाको मृत्यु भएको छ । विश्वभर यो अवधिमा थप ९६६ जनामा सङ्क्रमण पुष्टि भएको छ । चीनबाहेक सङ्क्रमण बढी देखिएका मुलुकहरूमा दक्षिण कोरिया अग्रस्थानमा रहेको छ । दक्षिण कोरियामा शुक्रबार मध्यान्नसम्म दुई हजार ३३७ जनालाई सङ्क्रमणको पुष्टि भएकोमा थप ५७१ जनामा विगत २४ घण्टाभित्र सङ्क्रमण पुष्टि भएको हो । दक्षिण कोरियामा सङ्क्रमणपछि उपचारका क्रममा १३ व्यक्तिको मृत्यु भएको छ । त्यस्तै इटलीमा १२२ नयाँ सङ्क्रमित व्यक्तिसहित ६५० जनाले सङ्क्रमणपछि विभिन्न अस्पतालहरूमा उपचार गराइरहेका छन् । यस सङ्क्रमणका कारण इटलीमा १७ जनाको मृत्यु भइसकेको छ ।

इरानको सरकारी तथ्याङ्कमा उल्लेख भएअनुसार शुक्रबारसम्म ३४ जनाको मृत्यु भएको छ भने कूल १४३ थप व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ । इरानमा सङ्क्रमितको सङ्ख्या ३८८ पुगेको छ । त्यस्तै यसबाहेक जापानको योकोहामास्थित एक पानीजहाजमा ७०० भन्दा बढी व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण भएको पुष्टि भएको छ । जापानका अन्य स्थानमा कूल २१० व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको र आठ जनाको मृत्यु भएको बताइएको छ । जापानमा विगत २४ घण्टामा २३ नयाँ विरामीमा कोरोना भाइरसको पुष्टि भएको छ । एजेन्सी

## इरानमा कोभिड-१९ सङ्क्रमणका कारण ३४ व्यक्तिको मृत्यु

**तेहरान**/इरानमा थप आठ व्यक्तिको कोरोना भाइरसको सङ्क्रमणका कारण मृत्यु भएको स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । यससँगै इरानमा कोरोना भाइरस सङ्क्रमणका कारण मृत्यु हुनेको सङ्ख्या ३४ पुगेको छ । कोरोना भाइरस सङ्क्रमणका कारण मृत्यु भएका व्यक्तिको आधारमा चीनपछि इरानमा यसको नराम्रो प्रभाव परेको देखिएको छ । इरानको सरकारी तथ्याङ्कलाई आधार मान्दा सङ्क्रमितको सङ्ख्या भने ३८८ पुगेको छ । इरानी अधिकारीका अनुसार इरानमा विगत २४ घण्टामा १४३ जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता कियानुस जहानपुरले बताउनुभएको छ । इरानमा पहिलो व्यक्तिमा सङ्क्रमण दक्षिणी सहर कोममा फेब्रुअरी १९ मा भएको थियो । सङ्क्रमण पुष्टि भएको दिनदेखि अहिलेसम्ममा सबैभन्दा बढी सङ्क्रमण विगत २४ घण्टामा भएको हो । उहाँले भन्नुभयो, "पछिल्लो २४ घण्टामा सङ्क्रमित भएका व्यक्तिमध्ये ६४ जना राजधानी तेहरानका हुन् भने सङ्क्रमण देशको २४ प्रान्तमा फैलिएको छ ।" त्यस्तै इरानका सात उपराष्ट्रपतिमध्ये एक मासोमेह इब्तेकर, उप-स्वास्थ्यमन्त्री इराज हरिर्चीलगायत केही उच्च अधिकारीलाई पनि सङ्क्रमण पुष्टि भएको छ । एजेन्सी

## भारतको अर्थतन्त्रमा ६ वर्षपछि पहिलो पटक सामान्य वृद्धि

**मुम्बई**/भारतमा यस आर्थिक वर्षको पहिलो त्रैमासिकमा छ वर्षपछि पहिलो पटक सामान्य आर्थिक वृद्धिदर देखिएको शुक्रबार सार्वजनिक सरकारी तथ्याङ्कले देखाएको छ । तथ्याङ्कअनुसार यस वर्षको पहिलो त्रैमासिकमा आर्थिक वृद्धि दर ४.७ प्रतिशत कायम भएको देखिएको छ ।

एशियाको तेस्रो ठूलो अर्थतन्त्र भारतमा लगानी खुम्चिँदा औद्योगिक उत्पादनमा कमी आउनुका साथै बेरोजगारी दरमा चार दशक यताकै उच्च अवस्थाको सामना गर्नुपरेको थियो । तर शुक्रबार सार्वजनिक तथ्याङ्कमा सन् २०१९ को पहिलो त्रैमासमा ०.२ प्रतिशतको आर्थिक वृद्धि भएको देखिएको छ । यो निरन्तरका सात त्रैमासपछिको पहिलो सुधारको सङ्केत हो । निम्न आर्थिक वृद्धिका कारण भारतीय अर्थतन्त्रमा सन् २०१४ पछि कूल गार्हस्थ्य उत्पादन खराब रहँदै आएको थियो । अर्थशास्त्रीहरूका अनुसार भारतले प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने लाखौं व्यक्तिलाई रोजगारी दिनुपर्ने अवस्था रहेकाले मुद्रास्फीति दर भने सात प्रतिशतभन्दा निकै तल रहेको छ । भारतको वार्षिक आर्थिक वृद्धिदर सन् २००८ को विश्वव्यापी आर्थिक मन्दीपछि गत वर्ष सबैभन्दा निम्न अर्थात् पाँच प्रतिशतमा झरेको थियो । "यो ठूलो सङ्ख्या होइन तर विश्वको सबैभन्दा खराब अवस्था हामीभन्दा निकै पछाडि छ र भारतले सुधारमा ढिलो रफ्तार देखाइरहेको छ," मुम्बईका आनन्द राठी सेक्युरिटिजका अर्थशास्त्री सुजन हजराले बताउनुभयो । पछिल्लो त्रैमासिक तथ्याङ्कले गत डिसेम्बरमा चीनमा शुरू भएको नयाँ कोरोना भाइरस महामारीको अन्तर्राष्ट्रिय प्रसारको समयावधिलाई समेटेको छ । यसको प्रकोपले भारत र विश्वभरिको आपूर्तिको शृङ्खलामा प्रभावित गरेको छ र अन्तर्राष्ट्रिय बजारहरूलाई अनियन्त्रित गिरावटतर्फ धकेलेको छ । "निजी उपभोग बढेकोले सुधारकाका केही सङ्केतहरू देख्न सकिन्छ तर विश्वव्यापी कोरोना भाइरसको सङ्क्रमणले भारतीय अर्थतन्त्रको अर्को त्रैमासिकमा अझ बढी चुनौती खडा गरेको छ," हजाराले भन्नुभयो । एजेन्सी

# मंसापुर र कोईलाडी फाईनलमा प्रवेश



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा संचालित गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिताको फाइनल खेलमा मंसापुर र कोइलाडी प्रवेश गरेको छ।

शनिबार सम्पन्न खेलमा कोईलाडिले को. मधेपुरालाई ६ बिकेटले पराजित गर्दै आईतवार हुने फाइनल खेलमा मंसापुरसँग खेल्ने छ।

सप्तरी क्रिकेट संघ संघको सहकार्यमा तथा तिलाठि कोईलाडी गाउपालिकाको आयोजनामा कटी माबिको मैदानमा संचालित क्रिकेट प्रतियोगिता अर्न्तगत शनिवारको खेलमा मधेपुराले टसजिती पहिलो ब्याटिग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा १६ ओभर २ बलमा आफना सम्पुर्ण बिकेट गुमाई ६३ रन बनाएको थियो।

को. मधेपुराका तर्फबाट प्रमोद यादवले नटआउट रहि ११ रनको योगदान दिएका थिए भने रोशन सिंह र बिष्णु यादवले सामान १० रनको योगदान दिएका थिए। बलिंग तर्फ कोईलाडिका रोबिन सिह, जुगनु मण्डल र मो गुदवले सामान ३ बिकेट लिएका थिए भने रोशन मण्डलले १ बिकेट लिएका थिए।

६४ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको कोईलाडिले उक्त लक्ष्य सजिलै ११ ओभर ५ बलमा ४ बिकेटको नोक्सानीमा लक्ष्य प्राप्त गरेको थियो। कोईलाडिका लागि मो गुदवले १५ तथा जुगनु मण्डलले १० रनको योगदान दिएका थिए। बलिग तर्फ को. मधेपुराका प्रमोद यादवले २ तथा अभय सिंह र रोशन सिंहले १/१ बिकेट लिएका थिए। खेलको म्यान अफ द म्याच कोईलाडिका जुगनु मण्डल घोषित भएका थिए।

# हराएको वा चोरी भएका मोवाइल प्रहरीद्वारा फेला



**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले विभिन्न व्यक्तिहरुको हराएको वा चोरी भएका मोवाइलहरु फेला पारि सम्बन्धीत व्यक्तिलाई बुझाएको छ।

मोवाईल हराएको र चोरी भएको भन्दै खोजतलाश गरि पाउ भनि निवेदन दिएको आधारमा प्रहरीले खोजतलाश गरि उक्त मोवाइलहरु फेला पारी सम्बन्धित व्यक्तिलाई बुझाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जिल्लाको महादेवा १ बस्ने मो. साबिर, रुपनी ५ बस्ने आस्मा कुमारी कुमाल र शम्भुनाथ ५ बस्ने प्रतिभा बिश्वकर्माको मोवाइल जिम्मा लगाएको जनाएको छ।

# सडक दुर्घटनामा एकको मृत्यु

**राजविराज**/पुर्वपश्चिम राजमार्ग अर्न्तगत सप्तरीको पोर्ताहामा शुक्रबार भएको सडक दुर्घटनामा भारदह अस्पतालका पालेको मृत्यु भएको छ।

पश्चिमबाट पुर्व तर्फ जादै गरेको स.१त. ६४४४ नम्बरको ट्याक्टरले बिपरित दिसाबाट आउदै गरेको ना ११ प १७०४ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। सो ठक्करबाट मोटरसाइकलमा सवार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ पोर्ताहा निवासी भारदह अस्पतालमा पाले पदमा कार्यरत २० बर्षिय बिनोद खिडहरी यादवको मृत्यु भएको हो।

सोही मोटरसाइकलको पछाडि सवार सोही ठाउका शैलेन्द्र यादव घाइते भएका छन्। उनको भारदहस्थित अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# लागु औषधसहित दुई पक्राउ



**राजविराज**/सप्तरीको तिलाठी कोईलाडी ५ बनरझुला बाँध स्थितमा लागु औषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

भारतबाट नेपालतर्फ आउदै गरेको स.१०प. ४५१५ नं. मा सवार मोटरसाइकल चालक सप्तरीको अग्निसाइर कृष्णसवरण ४ बस्ने २१ वर्षिय मो. अजाद हुसेन र २२ वर्षिय बैजु साहलाई प्रहरीले लागु औषधसहित पक्राउ गरेको हो।

उनीहरुलाई चेकजाच गर्दा डाईजेलेप ईन्जेकसन ६ पिस, फेनरगण ईन्जेकसन ७ पिस, लुपिनोसिक ईन्जेकसन ६ पिस बरामद भएकोले दुबैलाई नियन्त्रणमा लिइ जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाइएको छ।

# भन्सार छलेका सामान बरामद

**राजविराज**/राजबिराज ५ स्थित कुनौली मोडबाट प्रहरीले शनिबार भन्सार छलेर ल्याउँदै गरेको विभिन्न दैनिक उपभोग्य समाग्रिहरु बरामद गरेको छ।

बिराटनगरबाट राजबिराजतर्फ आउदै गरेको सवारी साधनलाई चेक जाच गर्ने क्रममा २३ पिस जरजिट साडि, चिनि १८० किलो, दाल ४० किलो र खाने तेल २२ लिटर अन्दाजी ३८ हजार मुल्य बराबरको बरामद गरेको जनाएको छ।

यता बरामद गरिएको सम्पूर्ण सामानहरु भन्सार बुझाउने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं। आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ। यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ। आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ। साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**

राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**

डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**

बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**



**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।**

हाम्रो सेवाहरु

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*